# परमेश्वरले किन दुःखकष्ट हटाउनुहुन्‍न? (भाग १)

www.jw.org/ne मा उपलब्ध *बाइबलले वास्तवमा के सिकाउँछ?* किताबको अध्याय ११ मा आधारित।

**उद्देश्यः तपाईं के विश्वास गर्नुहुन्छ र किन गर्नुहुन्छ पत्ता लगाउनुहोस्, बाइबलले के सिकाउँछ जाँच्नुहोस् अनि तपाईं आफ्नो विश्वासबारे अरूलाई कसरी बताउन सक्नुहुन्छ थाह पाउनुहोस्।**



## हामीले भोगिरहेको दुःखकष्टको लागि परमेश्वरलाई दोष दिन मिल्छ?

### १ तपाईं के विश्वास गर्नुहुन्छ पत्ता लगाउनुहोस्

कोही-कोहीले किन मिल्छ भन्‍न सक्छन्?

---

कोही-कोहीले किन मिल्दैन भन्‍न सक्छन्?

---

**तपाईं** के विश्वास गर्नुहुन्छ?

---

---

तपाईं किन त्यस्तो विश्वास गर्नुहुन्छ?

---

---



www.jw.org/ne © 2017 Watch Tower Bible and Tract Society of Pennsylvania

## २ बाइबलले के सिकाउँछ जाँच्नुहोस्

### हामीले दुःखकष्ट भोगेको यहोवा पटक्कै चाहनुहुन्न।

(*बाइबलले सिकाउँछ* किताबको अध्याय ११ को अनुच्छेद १-५ हेर्नुहोस्।)

**१ पत्रुस ५:७ पढ्नुहोस्।**

यहोवा हामीले दुःखकष्ट भोगेको हेर्न पटक्कै चाहनुहुन्न भनेर यस बाइबल पदले कसरी देखाउँछ?

______________________________

______________________________

______________________________

**अय्यूब ३४:१० पढ्नुहोस्।**

के यतिबिघ्न दुःखकष्ट हुनुको कारण परमेश्वर हुनुहुन्छ?

______________________________

______________________________

______________________________



**ड्राइभरले ट्राफिक नियम उल्लङ्घन गर्दा त्यसको दोष गाडी निर्माण गर्ने कम्पनीलाई दिन मिल्दैन। त्यसोभए के मानिसहरू आफैले निम्ताएको दुःखकष्टको लागि चाहिं सृष्टिकर्तालाई दोष दिन मिल्छ?**



www.jw.org/ne © 2017 Watch Tower Bible and Tract Society of Pennsylvania

## दुःखकष्ट हुनुको वास्तविक कारण सैतान र त्यसले गरेको विद्रोह हो।

(*बाइबलले सिकाउँछ* किताबको अध्याय ११ को अनुच्छेद ६-९ हेर्नुहोस्।)

**१ यूहन्ना ५:१९; प्रकाश १२:९ पढ्नुहोस्।**

सैतान हामीले दुःखकष्ट भोगेको चाहन्छ भनेर यी बाइबल पदहरूले कसरी देखाउँछ?

**उपदेशक ४:१; ८:९; ९:११ पढ्नुहोस्।**

सैतानको खराब प्रभावको अलावा अरू कस्ता कारणहरूले गर्दा हामी कहिलेकाहीं दुःखकष्ट भोग्छौं?

हामीले दुःखकष्ट भोगेको परमेश्‍वर पटक्कै चाहनुहुन्‍न र समस्या पर्दा उहाँले हामीलाई सहायता गर्नुहुनेछ भन्‍ने कुरा थाह पाउँदा तपाईंलाई किन खुसी लाग्छ?



www.jw.org/ne © 2017 Watch Tower Bible and Tract Society of Pennsylvania

## ३ आफ्नो विश्वासबारे बताउनुहोस्

कसैले यसो भनेमा . . .

**परमेश्वरलाई हाम्रो त्यति वास्ता छैन।**

तपाईं यस्तो जवाफ दिन सक्नुहुन्छ . . .

**थुप्रै मानिस त्यसै भन्छन् तर म अर्कै कुरामा विश्वास गर्छु किनकि . . .**

तपाईं उक्त व्यक्तिलाई कुन बाइबल पद देखाउन सक्नुहुन्छ?

उक्त व्यक्तिको विचारधारा मनमा राख्दै तपाईं त्यस बाइबल पदमा कसरी तर्क गर्न सक्नुहुन्छ?

कसैले यसो भनेमा . . .

**सारा संसार भगवान्कै हातमा छ, त्यसैले संसारमा भइरहेको सबै कुरा उहाँकै लीला हो।**

तपाईं यस्तो जवाफ दिन सक्नुहुन्छ . . .

**थुप्रै धर्मले यस्तै सिकाउँछन्। तर यस संसारको वास्तविक शासक सैतान हो भनेर म विश्वास गर्छु किनकि . . .**

तपाईं उक्त व्यक्तिलाई कुन बाइबल पद देखाउन सक्नुहुन्छ?

उक्त व्यक्तिको विचारधारा मनमा राख्दै तपाईं त्यस बाइबल पदमा कसरी तर्क गर्न सक्नुहुन्छ?



www.jw.org/ne © 2017 Watch Tower Bible and Tract Society of Pennsylvania